नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १७५ २०८१ साल माघ २६ गते शनिबार (8 Feb. 2025 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : विचारः संसद्प्रति जनताको ... ३ पृष्ठमा : नेपाल-भारत रङ्ग महोत्सव ... ३ पृष्ठमा : रुबियोले फेब्रुअरीको ...

# २० बुंदे माग अघि सार्दै कोशी बाँधमा अनिश्चितकालिन अनसन

**दैनिक समाचारदाता**
**राजविराज, २५ माघ ।**

मलाह समुदायका अगुवाहरुले शुक्रवार मत्स्य मन्त्रालयको स्थापना सहित विभिन्न माग अघि सार्दै कोशी बाँधमा अनिश्चितकालिन रिले अनसन सूरु गरेका छन ।

मलाह जातीको जातीय संगठन नेपाल मलाह कल्याण संघको अगुवाईमा कोशी बाँधमा मञ्च निर्माण गरी अनिश्चितकालिन रिले अनसन सूरु गरिएको हो । पहिलो दिन संघका केन्द्रिय अध्यक्ष नारायण मुखियाको नेतृत्वमा उपाध्यक्ष अशोक मुखिया, कोषाध्यक्ष माहादेव मुखिया, केन्द्रिय सदस्य दशरथ मुखिया, संघका सप्तरी जिल्ला अध्यक्ष पञ्चलाल मुखिया, झापा जिल्ला अध्यक्ष सहदेव मुखियाका साथै मलाह जातीका अगुवा भोला मुखिया, मधुकान्त मुखिया, राजेन्द्र मुखिया, बेचन मुखिया र शान्तिदेवी मुखिया लगायत ११ जना रिले अनसनमा वसेका छन ।



सरकारी स्वामित्वमा रहेका मत्स्य फारम, सीमसार र रिजर्भ्यार आदीमा मलाह जातीलाई ५० प्रतिशत आरक्षण, संघीय र प्रदेशमा मत्स्य मन्त्रालयको स्थापना, मलाह जातीका बालबालिकालाई स्नातकोत्तर सम्म निःशुल्क शिक्षा र जग्गाविहीन मलाहलाई जग्गाको व्यवस्था गरिनु पर्ने संघले प्रमुख मागका रुपमा उठाएका छन ।

यस्तै सरकारले लगाउदै आएको पोखरी, नदी, दह, खोलानाला, तालतलैया, तारघाट र नदीमा बगी आएको काठ दाउरा संकलन लगायतका ठेक्का कार्य मलाह जातीलाई मात्र दिनु पर्ने, जलसेनाको स्थापना गरी ५० प्रतिशत मलाह जातीको सेना राखिनु पर्ने लगायतका २० बुंदे माग संघले अघि सारेको छ ।

यस अघि २०६४ साल देखी २० बुंदे माग सहित पटक पटक तत्कालिन सरकारका प्रमुखहरुलाई ज्ञापन पत्र बुझाएपनि आश्वासन बाहेक केही नपाइएको उनीहरुको गुनासो छ । पछिल्लो पटक पुष १८ गते प्रधानमन्त्री, गृहमन्त्री लगायतका सरोकारवाला निकायका प्रमुखहरुलाई ज्ञापन पत्र बुझाएपनि माग सम्बोधनको कुनै पहल नभएकाले बाध्य भई संघर्षको बाटो रोज्नु परेको संघका केन्द्रिय अध्यक्ष नारायण मुखियको भनाई छ ।

अनिश्चितकालिन रिले अनसनबाट पनि आफुहरुको माँग उपर सुनवाई नभए दोश्रो चरणमा आन्दोलनका थप शसक्त कार्यक्रमहरु अघि बढाइने संघका सल्लाहकार भोला मुखियाले बताए । आन्दोलन कार्यक्रममा झापा देखी पर्सा सम्मका संघका पदाधीकारी र मलाह जातीका अगुवाहरुको सहभागीता रहेको संघले जनाएको छ ।

# दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता समयमै हुनुपर्नेमा सांसदहरूको जोड

काठमाडौँ, २५ माघ (रासस) ।

आगामी चैत २३ देखि ३० गतेसम्म कर्णाली प्रदेशमा १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता हुँदैछ । दुई वर्षअघि पोखरामा सम्पन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताबाट १०औं राष्ट्रिय खेलकुद प्रतियोगिता मङ्सिर २ देखि ९ गतेसम्म कर्णालीमा आयोजना गरिने घोषणा गरिएको थियो तर तोकिएको मितिमा खेलकुद भएन । त्यसपछि आगामी चैत २३ देखि ३० गतेसम्म प्रतियोगिता आयोजना गर्नेगरी मिति सारिएको थियो ।

सारिएको मितिमा पनि प्रतियोगिता सञ्चालन हुनेमा पनि अन्योल देखिएको भन्दै चिन्ता व्यक्त हुने गरेको छ । प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा सांसदहरूले पनि यस्तै आशङ्का व्यक्त गर्दै समयमै प्रतियोगिता हुने अवस्था बनाउन सरकारको ध्यानाकर्षण गराएका छन् ।

शुक्रवार सिंहदरबार बसेको समिति बैठकमा सांसदहरूले तोकिएको मितिमै खेलकुद प्रतियोगिता सञ्चालन गर्नुपर्नेमा जोड दिनुभएको थियो । बैठकमा सांसद देवेन्द्र पौडेलले प्रतियोगिता तोकिएको समयमै सम्पन्न गर्ने गरी तयारी तीव्र गतिमा अगाडि बढाउन आग्रह गर्नुभयो । "प्रतियोगिता जसरी पनि तोकिएको समयमा गरिनुपर्छ । अब धेरै दिन छैन, अझै ढिला गरियो भने तयारी पुग्दैन । त्यसैले छुट्याइएको बजेटलाई कार्यान्वयन गरी खेलकुद सञ्चालन हुने सुनिश्चितता गरिनुपर्छ", उहाँले भन्नुभयो ।

सांसद छविलाल विश्वकर्माले समयमै प्रतियोगिता सञ्चालन गर्न सरोकारवाला पक्षहरू जिम्मेवार हुनुपर्ने बताउनुभयो । उहाँले तोकिएको मितिमै प्रतियोगिता सञ्चालन गर्न युवा तथा खेलकुद मन्त्रालय, राष्ट्रिय खेलकुद परिषद् (राखेप) र अर्थ मन्त्रालय गम्भीर बन्नुपर्नेमा जोड दिनुभयो । सांसद रेखा शर्माले सरोकार भएका निकायबीच समन्वयको अभाव हुँदा खेलकुद प्रतियोगिता समयमै सञ्चालन हुनेमा आशङ्का उब्जिएको बताउनुभयो ।

सांसदहरूले आपसी समन्वयविना खेल अगाडि बढ्न नसक्ने बताउँदै समयमै प्रतियोगिता नभए सरकारको जिम्मेवारीमाथि समेत प्रश्न उठ्ने धारणा राख्नुभएको थियो । उहाँहरूले तोकिएको समयमै प्रतियोगिता सञ्चालन हुने वातावरण बनाउन आग्रह गर्नुभयो ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिवमा टङ्कलाल घिसिङले समयमै प्रतियोगिता सम्पन्न गर्ने विषयमा चुनौती देखिएको बताउनुभयो । उहाँले गत मङ्सिर २१ गते बसेको राखेपको बैठकले प्रस्ताव गरेको रु ६० करोड बजेट खर्चको मापदण्ड र उपशीर्षकगत रूपले बाँडफाँट गर्ने निर्णयलाई अर्थ मन्त्रालयले स्वीकृत नगर्दा समस्या देखिएको बताउनुभयो ।

हाँले स्वीकृतिका लागि अर्थ मन्त्रालयमा पठाइएको सोसम्बन्धी फाइल दुई महिनाभन्दा बढी समय हुँदा पनि स्वीकृत नहुँदा समस्या देखिएको उल्लेख गर्नुभयो ।

अर्थ मन्त्रालयका सहसचिव एवं प्रवक्ता महेश भट्टराईले प्रतियोगिताका लागि मागबमोजिमको बजेट विनियोजन भएको बताउनुभयो ।

***बाँकी चार पृष्ठमा***

# जनकपुर साहित्य महोत्सवबाट संस्कृति संरक्षण र प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास

**दैनिक समाचारदाता**
**राजविराज, २५ माघ ।**

मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले मिथिला साहित्य, सङ्गीत तथा संस्कृतिको संरक्षण र प्रवर्द्धनमा जनकपुर साहित्य महोत्सवले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गर्नुभएको छ ।

महोत्सवको छैटौं संस्करणको उद्घाटन समारोहमा मुख्यमन्त्री सिंहले साहित्यिक, सांस्कृतिक र सामाजिक चेतना फैलाउन महत्वपूर्ण योगदान पुऱ्याउने उल्लेख गर्दै वर्तमान युगमा साहित्य र कलालाई जीवन्त राख्न चुनौती भएको बताउनुभयो ।

मुख्यमन्त्री सिंहले भन्नुभयो, "प्रतिभा र सिर्जनशीलताको मूल्याङ्कन शैक्षिक प्रमाणपत्रमा मात्र निर्भर हुँदैन ।" उहाँले जनकपुर साहित्य महोत्सव जस्तो सांस्कृतिक गतिविधिलाई निरन्तरता दिनुपर्ने आवश्यकता औंल्याउँदै त्यसका लागि सबै क्षेत्रको सहयोग रहने विश्वास व्यक्त गर्नुभयो ।

# विश्व अन्तरधार्मिक सद्भाव सप्ताह

काठमाडौँ, २५ माघ (रासस) ।

शान्ति र अहिंसाको संस्कृतिलाई प्रवर्द्धन गर्ने विश्व अन्तरधार्मिक सद्भाव सप्ताह विश्वका विभिन्न मुलुकमा विविध कार्यक्रमका साथ आज समापन हुँदैछ ।

सन् २०१० देखि संयुक्त राष्ट्रसङ्घको आह्वानमा हरेक वर्ष फेब्रुअरीको पहिलो सातालाई विश्व अन्तरधार्मिक सद्भाव सप्ताहका रुपमा मनाउन प्रारम्भ भएको हो । राष्ट्रसङ्घले जोर्डनका राजा अब्दुल्लाह द्वितीयले सोही वर्ष गर्नुभएको प्रस्ताव राष्ट्रसङ्घीय महासभाले पारित गरेसँगै विभिन्न मुलुकका सरकार, संस्था र नागरिक समाजले यो सप्ताह मनाउँदै आएका छन् ।

मानवबीच पारस्परिक समझदारी, सद्भाव र सहयोग बढाउन तथा सबैलाई स्वैच्छिक रूपमा र आफ्नो धार्मिक परम्परा वा विश्वासअनुसार मन्दिर, मस्जिद, गिर्जाघरलगायत अन्य पूजास्थलहरूमा आफ्नो आस्था प्रकट गर्न तथा अन्तरधार्मिक सद्भाव र सद्भावनाको सन्देश फैलाउन प्रोत्साहन गर्नु यो सप्ताहको उद्देश्य हो ।

# विद्युतीय व्यापार विधेयक सम्बन्धी समितिको प्रतिवेदन पेस

काठमाडौँ, २५ माघ (रासस) ।

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिका सभापति अब्दुल खानले 'विद्युतीय व्यापार विधेयकसम्बन्धी समितिको प्रतिवेदन, २०८१' पेस गर्नुभएको छ ।

सभापति खानले नेपालमा विद्युतीय व्यापारको माध्यमबाट वस्तु तथा सेवाको खरिदबिक्री बढ्दो क्रममा रहेकाले विद्युतीय माध्यमबाट हुने कारोबारलाई नियमन तथा व्यवस्थित गर्न सरकारले यो विधेयक प्रस्तुत गरेको बताउनुभयो ।

विधेयकमा मुलुकमा रोजगारी सिर्जना, वस्तु तथा

***बाँकी चार पृष्ठमा***

**सूचनाको हकको सम्मान र प्रवर्द्धन गरौं ।**

सार्वजनिक निकायले:
- अनिवार्य रुपमा सूचना अधिकारी तोकौं,
- सूचना अधिकारीलाई सूचनामा पहुँच दिऔं,
- माग गरिने सूचना सहज रुपमा समयमै उपलब्ध गराऔं,

सूचना मागकर्ताले:
- सूचना चाहेको निकायबाटै सूचना माग गरौं,
- सूचना माग गर्दा प्रयोजन स्पष्ट खुलाएर मात्रै मागौं,
- प्राप्त सूचनाको सदुपयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### सामाजिक संजालको सदुपयोग गरौं

अहिले सामाजिक संजालको सदुपयोग भन्दा बढी दुरुपयोग भइरहेको पाइएको छ । यसको प्रयोगले हामी विश्वको सम्पूर्ण गतिविधी नजिकैबाटै निहाल्न सक्छौं । तर यसलाई अहिले सकारात्मक भन्दा बढी नकारात्मक रुपमा बढी प्रयोग गरिरहेको देखिन्छ । सामाजिक संजाल एउटा सन्देशमूलक, समाचारमूलक, ज्ञानवर्द्धक तथा सम्बन्ध जोड्ने माध्यम बनेको छ । यसको सदुपयोग गर्न सकिए पक्कै पनि फलदायी हुन्छ । एकातिर घर घरमा इन्टरनेट तथा प्रत्येक व्यक्तिको मोबाइल र त्यसमा उपलब्ध डाटाका कारण यसको प्रयोगकर्ता बढ्दै गएको छ ।

यसको प्रयोग सावधानीपूवर्क नगर्दा मानिसहरु ठगिने क्रम पनि बढ्दै गएको छ । विभिन्न प्रलोभनमा परेर अहिले निकै मानिसहरु ठगिने गरेको प्रहरी तथ्याङ्कले देखाएको छ । इमो, वाट्सअफ, म्यासेन्जर लगायतमा चिठ्ठा तथा अन्य प्रलोभनको नाममा हामी ठगिदै गएका छौं । कुनै कामै नगरिकन धनी बन्ने इच्छालाई छोडेर हामी आफ्नो कर्म गर्न तर्फ लाग्नु पर्छ । प्रलोभनमा पर्नु भन्दा राम्रो त्यस्तामा नलाग्नु नै राम्रो हुन्छ ।

सामाजिक संजाललाई मनोरन्ज र ज्ञानवर्द्धकको रुपमा लिनुपर्छ । ज्ञानवर्द्धक सन्देशबाट हाम्रो दैनिकी जिवनलाई सकारात्मक बाटोतर्फ डोर्‍याउछ । तसर्थ सावधानीपूर्वक र सकारात्मक रुपमा समाजिक संजालको प्रयोग गर्नु नै अहिलेको आवश्यकता पनि हो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# विचार: संसद्प्रति जनताको अपेक्षा र सांसदको दायित्व

**- हरिविनोद अधिकारी**

काठमाडौँ, २५ माघ (रासस)।

सङ्घीय संसद्का दुवै सदन( प्रतिनिधिसभा र राष्ट्रियसभाका बैठक यही माघ १८ गते सुरु भइसकेका छन् । २०७९ सालको आमनिर्वाचनपछिको सङ्घीय संसद्को पाँचौं अधिवेशन हो । यो अधिवेशनलाई विधेयक अधिवेशनका रूपमा हेरिएको छ । पहिलेदेखि संसद्का दुवै सदनमा रहेका, यसबीचमा प्रस्तुत भएका अध्यादेशहरू र विधेयक स्वीकृतिका लागि मन्त्रिपरिषद्मा विचाराधीनसमेत गरी झन्डै पाँच दर्जन कानुन बन्ने क्रममा देखिन्छन् । अधिवेशनको पहिलो दिन नै छवटा अध्यादेश दुवै सदनमा प्रस्तुत भइसकेका छन् ।

स्मरणीय छ, अध्यादेशको कानुनी उमेर बढीमा छ महिनाको हुन्छ, छ महिनाभित्रमा संसद्मा प्रस्तुत भएन भने यो स्वत: निष्क्रिय हुन्छ । छ महिनाभित्रैमा संसद्मा प्रवेश गरेमा ६० दिनभित्रमा संसद्ले सदर या बदर गरिसक्नुपर्छ । विसं २०८१ असारको अन्त्यमा बनेको नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओली नेतृत्वको नेपाली कांग्रेस सम्मिलित सरकारको कार्यावधि झन्डै सात महिना हुन लाग्यो । यसबीचमा सरकारले थालनी गरेका कतिपय कामहरूको कार्यान्वयनमा देखिएका कानुनी अड्चनहरूको समाधान खोज्न पाँचवटा अध्यादेश ल्याइएको छ । संविधानअनुसार संसद् नबसेको बेलामा आवश्यक परेर अध्यादेश ल्याएको हो, करिब दुई दर्जनभन्दा बढी ऐनमा संशोधन गर्नका लागि विभिन्न विषय समेटेर ती अध्यादेशहरू ल्याइएका छन् ।

सैद्धान्तिक कुरा गर्दा प्रत्येक लोकतान्त्रिक सरकारले संसद्को अधिवेशन नबसेको बेलामा, आवश्यकताअनुसार कुनै पनि बेला तत्काल चाहिएको कानुन भए राष्ट्रपतिमार्फत जारी गराउने संसदीय परम्परा छ । नेपालमा पनि त्यो परम्परा छ । संसद्को अधिवेशन कहिले बोलाउने भन्ने पनि हाम्रो संविधानअनुसार सरकारले अधिवेशनको मिति तोकेर राष्ट्रपतिमार्फत आह्वान गराउने परम्परा छ । त्यही अनुसार संसद्को अधिवेशन पनि बोलाइएको हो र केही दिनपहिले मात्र आवश्यक परेको भनेर अध्यादेश पनि जारी गरिएको हो । अध्यादेशको विरोध गर्नुभन्दा त्यसलाई कसरी जनमुखी बनाउन सकिन्छ भन्नेमा प्रतिपक्षी सांसदहरूले सुझाव दिन सक्छन् ।

यो अधिवेशनमा विभिन्न ऐनहरू बन्ने क्रममा छन् जसमा सबैभन्दा बढी चर्चित विद्यालयसम्बन्धी ऐन, प्रहरी ऐन, निजामती ऐन, सहकारी ऐन, मिडिया काउन्सिल ऐन, सामाजिक सञ्जाल ऐन र भूमिसम्बन्धी ऐन हुनेछन् । भर्खरै राष्ट्रियसभामा मिडिया कानुन विधायन समितिको सुझावसहित प्रस्तुत भएको छभने सरकारले सामाजिक सञ्जालसम्बन्धी विधेयक संसद्मा दर्ता गरेको छ । तिनका बारेमा चर्चा र निर्णय तत्काल आवश्यक परेको देखिन्छ । जहाँसम्म विद्यालयसम्बन्धी ऐनको कुरा छ, आज पनि पञ्चायतकालीन नयाँ शिक्षा योजना लागू गर्न ल्याएको शिक्षा ऐन २०२८ विभिन्न संशोधनमार्फत लागू भइरहेको अवस्था छ । बदलिँदो अवस्थामा विद्यालय ऐन मात्र होइन, विश्वविद्यालयहरूका लागि आवश्यक ऐनहरू पनि बन्नु जरुरी छ । त्यस्ता अनेक ऐन बन्न बाँकी छन्, जसले मौलिक हकको व्यवस्थामा बाधा पुर्‍याइरहेका छन् ।

विभिन्न विधेयक समितिहरूमा अड्केको अवस्था छ । अनि संसद्को अधिवेशन समाप्त भएपछि कतिले फेरि संसद्मा प्रवेश नै पाएका हुँदैनन् । या त सरकारको प्राथमिकतामा पर्दैनन्, या त संसद्को प्राथमिकतामा पर्दैनन् । जस्तो कि अध्यादेशका बारेमा संविधानमा नै स्पष्ट व्यवस्था छ, यदि संसद्मा प्रवेश गरेको ६० दिनमा पनि पारित भएन भने त्यो स्वत: निष्क्रिय हुन्छ र फेरि नयाँ विधेयक बनाएर ल्याउनुपर्छ या अध्यादेशका रूपमा कार्यान्वयन गराउनुपर्छ ।

त्यसैगरी, विधेयकमा पनि त्यस्तै प्रावधान राखिनु जरुरी छ । अहिलेको अध्यादेश आवश्यक परेर ल्याएकाले र तत्काल पारित नगरे कार्यान्वयनका लागि जटिलता थपिन्छ भनेर शीघ्र प्रक्रियाबाट पारित गराउने भनेर सत्तापक्षले भन्दै आएको छ र जुन संसद्मा विचाराधीन छ । संसद् सकारात्मक रूपमा विवादको समाधान खोज्ने थलो हो, जहाँ सांसदहरूले विचार मन्थन गरेर कानुन बनाउँछन् र समसामयिक रूपमा मुलुकका लागि अति आवश्यक विषयमा कानुन, सङ्कल्प र विभिन्न सिद्धान्तहरू प्रतिपादन गरिन्छन् । तर संसद्लाई नै बन्धक बनाउने गरी कैयौँ दिनसम्म संसद् अवरोध गरेर कुनै सानोतिनो विषयमा अनावश्यक विवाद गर्ने काम नगरियोस् भन्ने चाहना आम नागरिकमा हुन्छ । नागरिकको चेतना धेरै उन्नत छ । संसदीय व्यवस्थामा संसद्ले नै हो जनताका भावनाको प्रतिनिधित्व गर्ने । सरकार बनाउने र सरकारलाई बाटो देखाउने । सङ्ख्याको हिसाबले कहिले को पक्ष होला, कहिले को विपक्ष होला, को सरकारमा होला, को सरकारको विपक्षमा होला, तर संसद्ले जनताको प्रतिनिधित्व गरिरहेको हुन्छ जहिले पनि । यो हिउँदे अधिवेशनलाई विधेयक अधिवेशनका रूपमा प्रयोग गरौँ, संसद्लाई सरकारले 'बिजिनेस' दिनैपर्छ । विधेयकहरू रोकेर नराख्ने हो भने अध्यादेश सायदै आउला । त्यसैले यो अधिवेशनमा विवादभन्दा संवादमा जाउँ र जनताका आवश्यकता पूरा गर्न सरकारलाई झक्झकाऔँ ।

**संसद्मा राजनीतिक सहनशीलता**

संसद्मा अभिव्यक्ति स्वतन्त्रता नै राजनीतिक सहनशीलता र राजनीतिक उदारताको आधार स्तम्भ हो । शिष्टताका साथ मनमा लागेका कुराहरू भन्ने र आलोचना सुन्ने सुनाउने क्षमता नै अभिव्यक्ति स्वतन्त्रता हो । पक्ष र विपक्षका भनाइ र त्यहाँ हुने कटाक्ष अनि आवश्यकता परे मतदान र हारजित नै निरापद क्षमता बढाउने (इम्युन) र प्रतिरक्षा क्षमता बढाउने प्रक्रिया हो, जसले सहनशीलताको स्तर वृद्धि गर्दछ । प्रत्येक दलले आफ्ना सांसदलाई लगाम लगाउँछ, आदेश जारी गर्दछ कि यसो गर्ने वा यसो नगर्ने भनेर । विपक्षीहरूको काम कर्तव्यहरूले पनि सरकारलाई र सत्ताधारी दललाई सहनशील र अझ जिम्मेवार बनाउँछ । सभाध्यक्षले पक्षपात नगरी सहनशीलतालाई वृद्धि गर्दछन् । हाम्रो संविधानले संसद्लाई विशेषाधिकार दिएको छ, संसद्मा बोलिएका कुराहरूका आधारमा कानुनी उपचार खोज्न पाइँदैन र कतै कुनै अदालतमा उजुरबाजुर गर्न पाइँदैन ।

राजनीतिक सहनशीलता लोकतन्त्रको पहिलो सिद्धान्त नै हो । राजनीतिक विचारहरूको सहमति र सदाशयतालाई एउटै स्वरुप दिनका लागि राजनीतिक सहनशीलता वा राजनीतिक उदारता आवश्यक पर्दछ । आपसमा देखिने विवाद वा द्वन्द्वको समाधानका लागि पहिलो र आवश्यक तत्व नै राजनीतिक सहनशीलता वा राजनीतिक उदारता हो जसले आवश्यकताबमोजिम कसैसँग वार्ता वा छलफल गर्न र समस्या समाधानका लागि अघि बढ्न सक्षमता प्रदान गर्दछ ।

राजनीतिक सहनशीलता कसरी प्राप्त गर्न सकिन्छ ? राजनीतिक संस्कृतिको विकासबाट । राजनीतिक संस्कृतिको विकास कसरी सम्भव छ त ? शिक्षाबाट, अभिव्यक्ति स्वतन्त्रताबाट र सञ्चारका माध्यमबाट । राजनीतिक सहनशीलता सबै दलका नेताहरूमा जरुरी छ । सङ्घीय संसद्को अधिवेशन सुरु भएकै दिन राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा निलम्बित प्रतिनिधिसभाका सांसद रवि लामिछानेले सभामुख देवराज घिमिरेसमक्ष आफ्नो निलम्बन फुकुवा गरेर नियमित रूपमा संसद्का कार्यमा सक्रिय हुन पाउने गरी भेटेरै निवेदन दिएका छन् र त्यो निवेदन महासचिवका नाममा दिएका हुन् । उनको विचारमा थुनाबाट आफू धरौटीमा छुटेकाले नियमित रूपमा संसदीय कारबाहीमा फर्कन पाउनुपर्ने भन्ने छ ।

संसद् नै संसदीय व्यवस्थाको मुटु हो । संसद्ले नै सबै विवादहरूको समाधान शान्तिपूर्ण तरिकाले गर्छ र जनताको प्रतिनिधिको हैसियतले सरकारका सबै अङ्गहरूलाई नियन्त्रण र सन्तुलनका लागि पूर्वाधार तयार गर्छ । त्यसकारणले भनिन्छ, संसद् बिना प्रजातन्त्र चल्नै सक्दैन, प्रजातन्त्र बिना संसद्को कुनै अर्थ पनि हुँदैन । संसद् स्वतन्त्र हुन्छ, यति शक्तिशाली हुन्छ कि

*बाँकी तीन पृष्ठमा*

## महिला हिंसा के हो र कसरी कम गर्न सकिन्छ

**महिला हिंसा**

महिला विरुद्धका हिंसा विशेष रूपमा महिलाको विरुद्धमा हुने सम्पूर्ण हिंसात्मक कार्यहरू हुन् । यस्तो प्रकारको हिंसाले कुनै पिडितको लिङ्गलाई प्राथमिकतामा राखेर कुनै विशेष समूहलाई लक्षित गरेको हुन्छ । यस्तो हिंसा लिङ्गमा आधिरित हुन्छ अर्थात महिला भएकै कारण कसैले यस्तो हिंसाको शिकार बन्नु परेको हुन्छ । महिलामाथि हुने हिंसा भन्नाले महिलाको जन्मपूर्व देखि मृत्यु नहुञ्जेल सम्मको अवस्थामा महिला भएकै कारणबाट हुने विभिन्न खाले विभेदपूर्ण व्यवहार शोषण शारीरिक, मानसिक तथा यौनिक यातनाहरू र दुर्व्यवहारलाई बुझाउँछ । यस्ता हिंसा महिला विरुद्ध महिला र पुरुष दुवैले गर्ने गरिन्छ । यसले समाज विकासको क्रमलाई प्रत्यक्ष र परोक्ष रूपमा प्रभाव पारिरहेको हुन्छ । खास गरी महिलाहरूको जैविक बनावटलाई आधार बनाएर समाजले महिलाहरूलाई गर्ने व्यवहारले हरेक महिलाको प्रगतिको बाधक बनिरहेको अवस्था रहेको छ । परम्परागत मूल्य मान्यताका आधारमा गरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । घरेलु हिंसाका कारण होस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको सङ्ख्या उल्लेख्य छ । आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिक लगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाट महिलाहरू वन्चित छन् । राज्य वा गैरराज्यबाट गरिने लैंगिक भेदभाव त छँदैछ त्यसमा पनि परम्परागत मूल्य मान्यताकाआधारमागरिने हिंसाका कारण महिलाहरू बढी पीडित बन्ने गरेका छन् । त्यसै भएर आज भोलि घरेलु हिंसाका कारणहोस् वा बोक्सी प्रथा अथवा दाइजोका कारण हुने घटनामा पीडित हुने महिलाहरूको संख्या उल्लेख्य छ ।आर्थिक, सामाजिक, राजनीतिक, नागरिक तथा साँस्कृतिकलगायत मानवअधिकारका आधारभूत अधिकारहरूबाटमहिलाहरू वन्चित छन् । समाजमा जस्तो सुकै परिवर्तन भए पनि महिलाले परिवर्तनको अनुभूति गर्न सकेका छैनन् र महिलामाथि हुनेहिंसाका घटनामा कमी आउन सकेको छैन ।

**महिला हिंसा अन्त्य गर्ने उपाय**

महिलाको लागि शिक्षामा पहुँच र सम्पत्तिमाथिको स्वामित्व स्थापितगरी कुरीति र कुसंस्कारको रूपमा रहेको विधुवा प्रथा, घुम्टोप्रथा, बाल तथा अनमेल बिबाह प्रथाको अन्त्य गरिनुपर्छ । त्यसका लागि महिला हिंसा विरूद्ध बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको व्यवहारिक कार्यान्वयनसँगै बोक्सी प्रथा र घरेलु तथा महिलाहिंसा विरूद्धको कडा कानून निर्माण, दाईजो दिने वा लिनेलाई कडाकारवाही गरी कुनैपनि खाले भेदभाव विरूद्ध दण्ड र सजायको व्यवस्था हुन सके मात्र महिलामाथि हुने हिंसा कम गर्न सकिन्छ ।

**जनहीतका लागि : अग्निसाइर कृष्णासवरण गाउँ कार्यपालिकाको कार्यालय, सीतापुर, सप्तरी**

# नेपाल-भारत रङ्ग महोत्सव : प्रदर्शन भयो 'कथा कस्तुरी'

काठमाडौं, २४ माघ (रासस)। काठमाडौंमा जारी नेपाल-भारत रङ्ग महोत्सवअन्तर्गत राष्ट्रिय नाचघरमा आज नयनराज पाण्डेको लेखन र दिया मास्केको निर्देशन रहेको नाटक 'कथा कस्तुरी' प्रदर्शन गरिएको छ। उक्त नाटकमा नेपालको पश्चिम तराईमा भेटिने सपेरा जातिको जनजीवनलाई प्रस्तुत गरिएको छ। आख्यानकार नयनराज पाण्डेको 'सर्पदंश' को नाट्य रूपान्तरण गरिएको कथा कस्तुरी तराईमा रहने सपेरा जातिको जीवन सङ्घर्षमा आधारित रहेको छ।

महोत्सवको पहिलो दिन सिके लालको लेखन तथा सुनिल पोखरेलको निर्देशन रहेको नाटक 'गच्छामी' प्रदर्शन गरिएको थियो। यही ३० गतेसम्म चल्ने महोत्सवमा ६ वटा नाटक प्रदर्शन गरिने नेपाल सङ्गीत तथा नाट्य प्रतिष्ठानकी कुलपति निशा शर्माले जानकारी दिनुभयो।

जमलस्थित राष्ट्रिय नाचघरको प्रेक्षालयमा प्रदर्शन हुने नाटकमध्ये ३ वटा नेपालका र ३ वटा भारतका प्रदर्शन हुने कुलपति शर्माले जानकारी दिनुभयो। उहाँका अनुसार २ वटा नाटक प्रदर्शन भएको र अब ४ वटा नाटक प्रदर्शन गर्न बाँकी छ।

भारतको राजधानी नयाँ दिल्लीमा महोत्सव यही माघ १५ गते नै शुरू भइसकेको र भारतका ११ शहरमा महोत्सव अहिले जारी छ। काठमाडौंको राष्ट्रिय नाचघर जमलमा सुरू भएको महोत्सव संस्कृति पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रिप्रसाद पाण्डेले उद्घाटन गर्नुभएको थियो। भारत र नेपालको सहकार्यमा यसरी सँगसँगै आयोजना गरिएको रङ्ग महोत्सव यहाँ पहिलो भएको बताइएको छ।

महोत्सवअन्तर्गत यही माघ २७ गते संयोग गुरागाईंको लेखन तथा नम्रता केसीको निर्देशन रहेको नाटक 'जुन परीकथा मात्र होइन' प्रदर्शन हुनेछ। महोत्सवअन्तर्गत माघ २८ गते विजयदन देथाको लेखन तथा अजय कुमारको निर्देशन रहेको भारतीय नाटक 'माई री मैं का से कहूँ', माघ २९ गते मिथिलेश्वरको लेखन तथा राजेश सिंहको निर्देशन रहेको भारतीय नाटक 'बाबुजी' प्रदर्शन हुनेछ। माघ ३० गते अजय शुक्लको लेखन र चित्तरञ्जन त्रिपाठीको निर्देशन रहेको भारतीय नाटक 'ताजमहल का टेन्डर' प्रदर्शन हुने जनाइएको छ।

कुलपति शर्माले महोत्सवमा सहभागी हुने नेपाल भारतका चर्चित नाटक केवल प्रस्तुति मात्र नभएर एकअर्काका परम्परा, मूल्य, मान्यता, संस्कृति र कथाहरूको साझा सम्वाद हुने र छिमेकी मुलुकसँगको सम्बन्धलाई अझ बलियो बनाउने विश्वास व्यक्त गर्नुभयो। यहाँ प्रदर्शन भएको नाटकहरूमध्ये 'गच्छामी' र 'कथा कस्तुरी' नयाँ दिल्लीमा प्रदर्शन हुने छ भने 'जुन परीकथा मात्र होइन' भारतको गोरखपुरमा प्रदर्शन भएपछि काठमाडौंमा प्रदर्शन हुनेछ।

# ६ महिनामा भित्रियो सात खर्ब ६३ अर्ब विप्रेषण

काठमाडौँ २५ माघ (रासस)। चालु आर्थिक वर्षको छ महिनाको अवधिमा रू सात खर्ब ६३ अर्ब आठ करोड बराबरको विप्रेषण आप्रवाह भएको छ। अर्थ मन्त्रालयले बिहिबार सार्वजनिक गरेको चालु आवको अर्धवार्षिक मूल्याङ्कन प्रतिवेदनअनुसार, विप्रेषण आप्रवाह (नेपाली मुद्रामा) चार दशमलव एक प्रतिशतले वृद्धि भएको हो।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह २२ दशमलव दुई प्रतिशतले बढेको थियो। समीक्षा अवधिमा खुद ट्रान्सफर चार दशमलव दुई प्रतिशतले वृद्धि भई रू आठ खर्ब ३२ अर्ब ७६ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर २१ दशमलव एक प्रतिशतले बढेको थियो।

अर्थ मन्त्रालयका अनुसार समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत नयाँ) लिने नेपालीको संख्या ११ दशमलव सात प्रतिशतले वृद्धि भई दुई लाख ३० हजार चार सय ३९ कायम भएको छ। त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको सङ्ख्यामा समीक्षा अवधिमा २१ दशमलव चार प्रतिशतले वृद्धि भई एक लाख ६२ हजार ६ सय २८ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या छ प्रतिशतले घटेको थियो। यसरी वैदेशिक रोजगारीमा जानेको सङ्ख्या अघिल्लो वर्षको छ महिनाको तुलनामा १५ दशमलव पाँच प्रतिशतले बढेको छ।

यस्तै, समीक्षा अवधिमा शोधनान्तर स्थिति रू दुई खर्ब ४९ अर्ब २६ करोडले बचतमा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू दुई खर्ब ७३ अर्ब ५२ करोडले बचतमा थियो। गत पुस मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०८१ असार मसान्तको रू २० खर्ब ४१ अर्ब १० करोडको तुलनामा १३ दशमलव पाँच प्रतिशतले वृद्धि भई रू २३ खर्ब १६ अर्ब ८४ करोड कायम भएको छ।

उक्त सञ्चिति २०८१ असार मसान्तमा १५ अर्ब २७ करोड अमेरिकी डलर रहेकोमा १० दशमलव तीन प्रतिशतले वृद्धि भई २०८१ पुस मसान्तमा १६ अर्ब ८४ करोड अमेरिकी डलर कायम भएको छ। यो सञ्चिति १७ दशमलव तीन महिनाको वस्तु आयात र १४ दशमलव चार महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त हुने देखिन्छ। गत पुस मसान्तमा कायम कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २४ दशमलव तीन प्रतिशत रहेको छ।

यस्तै, कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३१ दशमलव आठ प्रतिशतले वृद्धि भई रू ९८ अर्ब ७९ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निर्यातमा सात दशमलव दुई प्रतिशतले कमी आएको थियो। यो अवधिमा सोयाबिन तेल, चिया, पोलिस्टर यार्न तथा थ्रेड, पार्टिकल बोर्ड, अलैंची लगायतका वस्तुको निर्यात बढेको छ भने पाम तेल, जिंक सिट, अदुवा, तयारी पोशाक, जडीबुटी लगायतका वस्तुको निर्यात घटेको छ।

त्यस्तै, कुल वस्तु आयात सात दशमलव एक प्रतिशतले वृद्धि भई रू आठ खर्ब २२ अर्ब ३७ करोड कायम भएको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु आयात तीन दशमलव एक प्रतिशतले घटेको थियो। समीक्षा अवधिमा कच्चा भटमास तेल, चामल, धान, यातायात उपकरण, सवारी साधन तथा अन्य सवारी साधनका स्पेयर पार्टस्, स्पन्ज आइरन, खाने तेल लगायतका वस्तुको आयात बढेको छ भने पेट्रोलियम पदार्थ, कच्चा पाम तेल, सुन, रासायनिक मल, केराउ लगायतका वस्तुको आयात घटेको छ।

समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटामा चार दशमलव चार प्रतिशतले वृद्धि भई रू सात खर्ब २३ अर्ब ५८ करोड कायम भएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा दुई दशमलव छ प्रतिशतले घटेको थियो।

# 'एसियन हाइवे' निर्माणले गति लिँदै

**विवेक मिश्र**

बेलबारी(मोरङ), २५ माघ (रासस)।
सडक सञ्जालमार्फत एसियाली राष्ट्रहरूलाई जोड्ने मुख्य उद्देश्यका साथ अगाडि बढाइएको 'एसियन हाइवे' निर्माणले गति लिन थालेको छ। निर्माण सम्झौता भएको एक वर्षमा १२ प्रतिशत काम सकिएको छ। एसियन राजमार्ग नम्बर २ अन्तर्गत काँकरभिट्टाबाट लौकहीसम्मको एक सय २० किलोमिटर सडक स्तरोन्नति हुने भनिए पनि हाल ९५ दशमलव ७६ किमी सडक मात्र ठेक्का लागेर काम भइरहेको छ।

पूर्वी खण्ड र पश्चिम खण्ड गरी दुई भागमा विभाजन गरेर काम भइरहेको छ। काँकरभिट्टादेखि सीतापुरसम्मको ४५ किमी सडक दमकस्थित रहेको कार्यालयले र सीतापुरबाट इटहरी पश्चिम पचरूखीसम्मको सडक इटहरी कार्यालयले हेर्नेछ। दुवै कार्यालयका अनुसार यस एक वर्षमा १२ प्रतिशत काम सम्पन्न भएको छ।

यसै आर्थिक वर्षभित्र कम्तिमा २० किलोमिटर सडक कालोपत्र गर्ने लक्ष्य रहेको आयोजनाका दमक कार्यालय प्रमुख सुनिलबाबु पन्तले बताउनुभयो। त्यस्तै आयोजना पश्चिम खण्ड इटहरी कार्यालयका प्रमुख जगत प्रजापतिले पनि यसै आर्थिक वर्षभित्र कम्तिमा १० किलोमिटर सडकमा पहिलो चरणको कालोपत्र सक्ने लक्ष्य रहेको बताउनुभयो।

नेपालबाट भारत हुँदै २७ किलोमिटरमै बङ्गलादेशसँग 'एसियन हाइवे' जोडिएकाले यसले अन्तर्राष्ट्रिय व्यापारको सम्भावना बोकेको नेपाल उद्योग वाणिज्य महासङ्घ कोशी प्रदेशका अध्यक्ष राजेन्द्र राउतले बताउनुभयो। सडक सञ्चालनमा आएसँगै आयात तथा निर्यात सस्तो पर्नुका साथै ग्रामीण व्यवसाय अन्तर्राष्ट्रिय बजारसँग जोडिने उहाँ बताउनुहुन्छ।

एसियन हाइवे थाइल्यान्डको बैंककबाट सुरू भई म्यान्मार, बङ्गलादेश, भारत हुँदै नेपालको काँकडभिट्टाबाट पूर्व-पश्चिम राजमार्ग भएर भारतको दिल्ली हुँदै पाकिस्तानको कराँचीसम्म पुग्नेछ। तीन वर्षमा निर्माण सम्पन्न गर्ने योजनाका साथ एशियाली विकास बैंकको आर्थिक सहयोगमा गत माघ १९ गतेदेखि सडक निर्माण कार्य सुरूभएको हो। यो आयोजना निर्माणमा ३० करोड अमेरिकी डलर लाग्ने अनुमान गरिएको छ।

ठेक्का लागेको ९५ दशमलव ७६ किमी सडक क्षेत्रभित्र साना र ठूला गरी जम्मा ४८ वटा पुल, १० वटा ओभर पास बन्नेछन्। पूर्वी खण्डमा २१ वटा पुल निर्माण भइरहेका छन् भने एक सय ४० वटा बक्स कल्वर्टमध्ये ९२ वटा निर्माण भइरहेको आयोजनाको पूर्वी खण्ड प्रमुख पन्तले बताउनुभयो।

पश्चिम खण्डमा पर्ने ३ ठूला पुल रतुवा, बक्हा र लोहन्द्राको फाउण्डेसनको काम सकिएको आयोजना पश्चिम खण्डका प्रमुख प्रजापतिले बताउनुभयो। एक सय ६९ वटा बक्स कल्वर्ट मध्ये ४७ वटा निर्माण भइसकेको र बाँकी बन्ने क्रममा रहेको उहाँ बताउनुहुन्छ। उहाँका अनुसार माटो पुर्ने काम ३५ प्रतिशत सकिएको छ।

हालसम्म शहरी क्षेत्रभन्दा जङ्गल क्षेत्रमा भौतिक प्रगति धेरै भएको छ। झापाको चारआली, विर्तामोड, चारपाने, मोरङको बलिया र सुनसरीको इटहरी चोक पूर्व, इटहरी चोक र इटहरी चोक पश्चिममा ओभर पास बन्नेछन्। सडक निर्माणका क्रममा बिजुलीका खम्बाले अवरोध भइरहेको तर त्यसको चाँडै व्यवस्थापनका लागि विद्युत् प्राधिकरणसँग समन्वय भइरहेको प्रजापतिको भनाइ छ।

तीन वर्गमा निर्माण हुने उक्त सडक बजार क्षेत्र, जङ्गल क्षेत्र र ग्रामीण क्षेत्र भनेर छुट्याइएको छ। बजार क्षेत्रमा ५० मिटर, जङ्गल क्षेत्रमा २४ मिटर र ग्रामीण क्षेत्रमा ३३ मिटर चौडाइको सडक निर्माण हुनेछ। शहरी क्षेत्रमा साइकल लेन, फुटपाथ, ड्रेनसहित निर्माण हुनेछ। छ स्थानमा 'सिग्नेचर' पुल निर्माण हुनेछन्। नेपालको कालिका र तुङ्गी कन्ट्रक्सनसँग चाइनिज कम्पनीले सडक निर्माण गरिरहेका छन्।

### *विचार...*

कार्यपालिकाको निरङ्कुशता र न्यायपालिकाको गलत निर्णयहरूको उपचार खोज्नका लागि नयाँ नयाँ कानुन बनाउने काम गर्छ। यस अधिवेशनलाई परिणाममुखी बनाउन सकिएमा आवश्यक कानुनहरू पारित हुनाका साथै संसद्प्रतिको जनविश्वास अझ बढेर जानेछ। तसर्थ, संसद्को सदुपयोग गर्नका लागि सबै सांसदलाई सजग गराउनु नागरिक समाजको कर्तव्य हो र सञ्चारकर्मीहरूको दायित्व हो। (लेखक राजनीतिक विश्लेषक हुनुहुन्छ)

## विश्व समाचार

### रुबियोले फेब्रुअरीको मध्यमा इजरायल, अरब राज्यहरूको भ्रमण गर्ने

वासिङ्टन, २५ माघ (रासस/एएफपी)।
अमेरिकी विदेशमन्त्री मार्को रुबियोले गाजाको जनसङ्ख्या स्थानान्तरण सम्बन्धी राष्ट्रपति डोनाल्ड ट्रम्पको टिप्पणीको पृष्ठभूमिमा यस महिना मध्यपूर्वको आफ्नो पहिलो भ्रमण गर्ने विदेश मन्त्रालयका एक वरिष्ठ अधिकारीले बिहीबार बताएका छन्।

रुबियोले म्युनिख सुरक्षा सम्मेलनमा भाग लिने र त्यसपछि फेब्रुअरी १३-१८ सम्म इजरायल, संयुक्त अरब इमिरेट्स, कतार र साउदी अरबको भ्रमण गर्ने अधिकारीले बताउनुभयो।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुसँगको भेटपछि ट्रम्पले युद्धग्रस्त गाजा पट्टीमा अमेरिकी सेना पठाउने र त्यहाँका २० लाख मानिसलाई हटाउने सुझाव दिँदा मङ्गलबार विश्वका धेरै जसोलाई आश्चर्यचकित पार्नुभएको थियो।

रुबियोले पछि ट्रम्पले हमासको अभूतपूर्व आक्रमणको प्रतिक्रियामा इजरायलको अथक आक्रमणपछि संयुक्त राज्य अमेरिकाले क्षेत्रको पुनर्निर्माणलाई आर्थिक सहयोग गर्दा अस्थायी स्थानान्तरणको कुरा गरिरहेको बताउनुभयो।

डोमिनिकन गणतन्त्रको भ्रमणमा बिहीबारको सुरुमा बोल्दै रुबियोले ट्रम्पले गाजालाई समर्थन गर्न 'आर्थिक र प्राविधिक क्षमता दुवै भएका' खाडी अरब राष्ट्रहरूतर्फ सङ्केत गरिएका देशहरूबाट खोजिरहेको सुझाव दिनुभयो।

"मलाई लाग्छ राष्ट्रपति ट्रम्पले गएर त्यो समाधानको हिस्सा बन्ने प्रस्ताव राख्नुभएको छ र यदि कुनै अन्य देश अगाडि बढ्न र आफैं गर्न इच्छुक छ भने, त्यो राम्रो हुनेछ", रुबियोले भन्नुभयो, "तर कसैले पनि त्यो गर्न हतार गरिरहेको देखिँदैन र त्यो हुनैपर्छ।"

रुबियोले जारी राख्ने गाजाको भविष्यका बारेमा ट्रम्पले कुराकानी सुरु गरेको विदेश विभागका वरिष्ठ अधिकारीले बताए। "तपाईंले यसका बारेमा गम्भीरतापूर्वक कुरा गर्नुपर्छ", अधिकारीले भने।

### भारतमा ४२ करोड तीर्थयात्रीद्वारा हिन्दू मेगा-महोत्सवको भ्रमण

नयाँदिल्ली, २५ माघ (रासस/एएफपी)।
भारत सरकारले शुक्रबार विश्वको सबैभन्दा ठूलो धार्मिक उत्सवमा ४२ करोडभन्दा बढी तीर्थयात्रीले धार्मिक स्नान गरेको बताएको छ। आयोजक अधिकारीहरूले कृत्रिम बौद्धिकता (एआई) र निगरानी क्यामेरा प्रयोग गरेर गणना गरिएको अनुमान गरेका छन्।

संयुक्त राज्य अमेरिका र क्यानाडाको जनसङ्ख्याभन्दा बढी यो अचम्मको सङ्ख्याको स्वतन्त्र रूपमा पुष्टि गर्न सम्भव छैन। यो एक अर्ब ४० करोड जनसङ्ख्या भएको विश्वको सबैभन्दा धेरै जनसङ्ख्या भएको राष्ट्रका लागि पनि आश्चर्यजनक तथ्याङ्क हो।

"त्रिवेणी सङ्गममा ४२ करोडभन्दा बढी भक्तजनले डुबुल्की लगाए", गङ्गा, यमुना र पौराणिक सरस्वती नदीहरूको सङ्गमलाई उल्लेख गर्दै सरकारको प्रेस सूचना ब्युरोले भन्यो।

उत्तरी सहर प्रयागराजमा प्रत्येक १२ वर्षमा आयोजना हुने प्रार्थना र स्नानको छ हप्ता लामो हिन्दू उत्सव कुम्भ मेला अझै दुई हप्ताभन्दा बढी समय बाँकी छ। यो जुन फेब्रुअरी २६ मा समाप्त हुँदैछ।

भारतमा धर्म र राजनीति गहिरो रूपमा जोडिएका छन्। आलोचकहरूले यो उत्सवलाई हिन्दू राष्ट्रवादी प्रधानमन्त्री नरेन्द्र मोदीको साख बढाउन प्रवर्द्धन गरिएको बताउँछन्। प्रधानमन्त्री मोदीले आफैं बुधबार पवित्र स्नान गर्नुभयो।

मोदीका निकट सहयोगी एवं भारतीय जनता पार्टी (भाजपा) कै आक्रामक साधु योगी आदित्यनाथ उत्तर प्रदेशका मुख्यमन्त्री हुनुहुन्छ र उत्तर प्रदेशमै यो उत्सव भइरहेको छ।

आयोजकहरूले क्यामेराहरूको नेटवर्क र माथिबाट उड्ने ड्रोनहरू प्रयोग गरिरहेको बताएका छन्। एआई प्रणालीहरूले भक्तजनहरूको सङ्ख्या गणना गर्न र भीड व्यवस्थापन गर्न डाटा प्रशोधन गरिरहेका छन्।

तर त्यसले जनवरी २९ मा भएको घातक भागदौडलाई रोक्न सकेन। उक्त भागदौडमा कम्तीमा ३० जनाको मृत्यु भयो र ९० अन्य घाइते भए।

मृत्युहरूले आदित्यनाथ र उहाँको सरकारको कार्यक्रम उत्कृष्ट व्यवस्थापनको दावीमाथि धब्बा लगायो।

घटनास्थलको ग्राफिक टेलिभिजन फुटेजका बावजुद अधिकारीहरूले घन्टौंसम्म कोही पनि गम्भीर रूपमा घाइते नभएको जिकिर गरे।

यो उत्सव अमृतको कलश नियन्त्रणका लागि देवता र दानवहरूबीचको युद्धसम्बन्धी हिन्दू पौराणिक कथामा आधारित छ।

तीर्थयात्रीहरू पवित्र स्नानले उनीहरूलाई मोक्ष प्राप्त गर्न मद्दत गर्ने विश्वास गर्छन्।

# सामाजिक र परोपकारी काममा जुट्दै विद्यार्थी

महोत्तरी, २५ माघ (रासस)।

'समाजका लागि आफू जोडिन पर्छ' भन्ने ध्येय र उद्देश्यकासाथ महोत्तरीको बर्दिबास(१४ स्थित बर्दिबास जनता बहुमुखी क्याम्पसका विद्यार्थीले सामाजिक र परोपकारी काममा चासो बढाएका छन्। क्याम्पसका स्नातक तहमा अध्ययनरत छात्रछात्राले यो उद्देश्यका लागि नागरिकको जीवनसँग जोडिएको रक्तदानलाई रोजेका छन्।

"हामी आफ्ना गाउँठाउँमा पढेलेखेकामा गनिन्छौँ, सबैले यो त कलेज पढ्ने भनेर चिनाउँछन्," स्नातक पहिलो वर्षकी १९ वर्षीया छात्रा राधा महतो भन्नुहुन्छ, "तर कुनै सामाजिक काममा आफू नजोडिएको कुराले केही त गर्नुपर्छ भन्ने लाग्यो, त्यसैले साथीहरूसँगको परामर्शबाट समाजमा जोडिने पहिलो काम रक्तदानलाई रोज्यौँ।" विद्यार्थीले बर्दिबास(३ स्थित रेडक्रस बर्दिबास उपशाखाले सञ्चालन गरेको रक्तसञ्चार केन्द्रको सञ्चालनमा सहयोग पुर्‍याउन क्याम्पसमै रक्तसञ्चार केन्द्र सहयोगार्थ दानपेटिका पनि स्थापना गरेका छन्।

"हामी आर्जनको काममा त छैनौँ। तर खाजा खान बा( आमाबाट केही रकम पाउँछौँ," स्नातक तहकै अर्की छात्रा अञ्जली सिंह भन्नुहुन्छ, "त्यसैबाट एक/दुई रुपैयाँ छुट्याएर यो दानपेटिकामा राख्ने निधो गर्‍यौँ।" पेटिकामा जम्मा भएको रकमले रक्तसञ्चार केन्द्रको व्यवस्थापनमा थोरै भए पनि आफ्नो योगदानले हामी पनि समाजका लागि केही गर्दैछौँ भन्ने अनुभूति मिल्ने उहाँको भनाइ छ।

विद्यार्थीले थालेको पहिलो प्रयत्नमै ६० थैला रगत सङ्कलन भएको छ भने दानपेटिकाका लागि विद्यार्थीले गरेका आह्वानमा शिक्षक र अभिभावकले सहयोग गर्दा एक घण्टाभित्रै १० हजार बढी रकम सङ्कलन भएको कार्यक्रमका संयोजन सहयोगी क्याम्पसका शिक्षक कवीन्द्र कट्टेलले जानकारी दिनुभयो।

"विद्यार्थीमा सामाजिक काममा लाग्ने हुटहुटी देखियो, क्षेत्र पनि उनीहरूले नै रोजे, हामीले संयोजन र समन्वयमा सहजीकरण गरिदियौँ," उहाँ भन्नुहुन्छ, "पहिलो प्रयत्न नै उत्साहवर्द्धक रह्यो।" विद्यार्थीको आग्रहमा क्याम्पस प्रशासनले रेडक्रस बर्दिबास उपशाखासँग रक्तदान कार्यक्रममा प्राविधिक सहयोगका लागि समन्वय गरीदिएको उहाँले स्पष्ट पार्नुभयो।

रक्तदान र दानपेटिका व्यवस्थापनको कामबाट असल कुरा सोचेर काममा सङ्कल्पसाथ लाग्दा सुखद परिणाम पाइने आशा जागेको विद्यार्थीको भनाइ छ। "हामीले छोटो समयको तयारीमै गरेको कामले ठिकै परिणाम आएको ठानेका छौँ," क्याम्पसकी छात्रा सरस्वती कुशवाहा भन्नुहुन्छ, "यसले हामीलाई सिर्जनशील ऊर्जा दिएको छ, अब हामी अझ परिणाममुखी कामबारे सोच्न सक्नेछौँ।"

विद्यार्थीमा सामाजिक र परोपकारी कामबारे बढेको चासोले क्याम्पस प्रमुख चेतबहादुर खड्का पनि दङ्ग हुनुहुन्छ। छात्रछात्रामा बढेको यो सकारात्मक चासोले पछिसम्म उहाँहरूलाई सामाजिक कर्तव्य र दायित्वले झकझकाइरहने उहाँको विश्वास छ। विद्यार्थीको यो तत्परता र सामाजिक लगावले शिक्षक, क्याम्पस प्रशासन र क्याम्पस व्यवस्थापन समिति खुसी देखिन्छन्। "हाम्रा विद्यार्थीले समाजप्रतिको जिम्मेवारीबोध बढाएका छन्," क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष भरतबहादुर हमाल भन्नुहुन्छ, "यिनले निकै सकारात्मक आशा जगाए।"

अहिले विद्यार्थीले थालेका यो पहलमा आम अभिभावक पनि गद्‌गद देखिन्छन्। विद्यार्थीले देखाएका सामाजिक कामप्रतिको तत्परताले भरोसा र विश्वास जगाएको बर्दिबास(१४ का बासिन्दा अभिभावक राम अधिकारी बताउनुहुन्छ। सबैतिरबाट आफूहरूको प्रयत्नबारे बढेको सकारात्मक चासोले यस्ता सामाजिक काममा अझ प्रभावकारी ढङ्गले जुट्ने आत्मविश्वास जागेको विद्यार्थी बताउँछन्।

मधेशका धेरै क्याम्पस अस्तव्यस्त बन्दै गएका बेला त्रिभुवन विश्वविद्यालयको आङ्गिक यो क्याम्पसले शिक्षाको दियो जगाइराखेको छ। स्नातक तहमा शिक्षा र वाणिज्य तथा स्नातकोत्तर तहमा शिक्षा सङ्कायको पठनपाठन हुँदै आएको उक्त क्याम्पसमा अहिले एक हजार २०० भन्दा बढी विद्यार्थी अध्ययनरत छन्। छात्राको सङ्ख्या ६५ प्रतिशतको हाराहारी रहेको क्याम्पस प्रमुख खड्का बताउनुहुन्छ। विसं २०६४ मा स्थापित यो क्याम्पस अहिले बर्दिबास वरपरका छोरीबुहारीको उच्चशिक्षा पढ्ने रहर पुर्‍याउने बन्दैछ। कक्षा १२ उत्तीर्ण गरेर अन्यत्र पढ्न जान नसकेका थुप्रै छोरीबुहारी स्नातक र स्नातकोत्तर पढ्न थालेका छन्।

### दशौँ...

उहाँले प्रतियोगिताका लागि बजेट निर्माणका क्रममा बजेट बाँडफाँटको शीर्षकअनुसार तय नभएपछि एकमुष्ट राखिएको बताउनुभयो। युवा तथा खेलकुद मन्त्रालयका सचिव डा हरिप्रसाद लम्सालले मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद् (राखेप)का प्रतिनिधिहरूबीच छलफल भइरहेको बताउनुभयो।

युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले मन्त्रालय र राखेपबीच समन्वयको अभावका कारण काम कारबाही असहज बनेको बताउनुभयो। उहाँले समस्या समाधानका लागि काम भइरहेको बताउनुभयो। "राखेप र मन्त्रालयबीच द्वन्द्व थियो। १५ महिनासम्म बैठक नबस्ने, आपसी समन्वय नहुने अवस्था थियो। मैले त तीन/चार महिना द्वन्द्व मिलाउन पुलको काम गरेँ। अहिले विस्तारै कामकारबाही सहज बनिरहेको छ," उहाँले भन्नुभयो।

मन्त्री चौधरीले प्रतियोगिता समयमै सञ्चालन गर्न आफू प्रतिबद्ध रहेको बताउँदै त्यसका लागि 'फास्ट ट्र्याक'मा काम गरिने बताउनुभयो।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमिसुधार तथा मालपोत कार्यालय सप्तरी**
**राजविराज**

प.सं. २०८१/८२ मिति: २०८१/१०/२४
च.नं.

**विषय : ३५ दिने हकदावी सम्बन्धि सार्वजनिक सूचना।**

जिल्ला सिरहा लहान न.पा. वडा नं. ७ बस्ने हरि किसन सारडाले मेरो नाममा दर्ता कायम रहेको जिल्ला सप्तरी गा.वि.स. मलहनिया वडा नं. ७क को कि.नं. १६९ को ज.वि. ०-०-१९ जग्गा साविक नापी श्रेस्ता मा कायम भएपनि सो श्रेस्ता जिर्ण भई हालको मोठ श्रेस्तामा सार्दा सो उतार नभएकोले उक्त उल्लेखित जग्गाको मोठ श्रेस्ता कायम गरि सो जग्गाको जग्गाधनि प्रमाण-पुर्जा उपलब्ध गरि पाऊँ भनि यस कार्यालयमा द.नं. १०३६६ मिति २०८१/१०/१३ गतेमा निवेदन परि हकदावी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गर्ने मिति २०८१/१०/२४ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धि सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गाधनि श्रेस्ता कायम गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा उजुरी गर्नु होला। म्याद भित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम जग्गाधनि श्रेस्ता कायम गर्ने तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| गा.वि.स. | वाई.नं. | कि.नं. | जग्गा क्षेत्रफल | दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| मलहनिया | ७क | १६९ | ०-०-१९ | हरि किसन सारडा | |

श्री लक्ष्मी प्रसाद खरेल
प्रमुख मालपोत अधिकृत

नेपाल सरकार
भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी, राजविराज**

मिति :-२०८१/१०/२४

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको श्रेस्ता बमोजिम रैती नं. ११ सुन्दर लाल झा र जनार्दन झाको नाममा दर्ता रहेका साबिक प्रगन्ना जगदर मौजे महुवाको सा.कि.नं. १०४६ को ज.वि. ०-२-१३ र ऐ. ऐ. सा.कि.नं. १०५४ ज.वि. ०-२-१ मध्ये हाल तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी छिन्नमस्ता गा.पा.वडा नं. ५ बस्ने जिवानंद झा, कुशमानंद झा र दुर्गानंद झा समेत ३ को यस कार्यालयमा द.नं. ४३२० मिति २०६९/०६/०४ को माग निवेदन रहेकोमा मिति २०७४/०२/२२ मा सार्वजनिक सूचना प्रकाशन भएको र जग्गा दर्ता नभई मिसिल तामेली शाखामा बुझाइएको र द.नं. २०१९२ मिति २०८१/०१/२३ को निवेदन बमोजिम मिसिल तामेली शाखाबाट झिकाइ जग्गा दर्ता नामसारी हुने प्रक्रियामा रहेको हुदाँ हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्ने मिति २०८१/०५/१३ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी, प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पोखरीको डिल, पोखरी, पानीघाट, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.बि.स. | वडा नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | फिल्डबुकमा देखिएको विवरण |
|---|---|---|---|---|---|---|---|
| १०४६ १०५४ | सुन्दरलाल झा जनार्दन झा समेत २ | सखडा | ६क | ६२३ | ०-२-१४ | जिवानंद झा, कुशमानंद झा, दुर्गानंद झा समेत ३ | यो जग्गा सतमुखी देवीको नम्बरी हो। निजको मृत्यु पछि निजको हकदार निजको ३ छोरा जिवानंद झा, कुशमानंद झा, दुर्गानंद झा। फिल्डबुकमा जग्गावालाको महल, किसानको महल खाली रहेको। |

नायब सुब्बा

# सभापति लामिछानेको सांसद पद फुकुवा गर्न माग

काठमाडौँ, २५ माघ : राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसदहरूले पार्टी सभापति रवि लामिछानेको सांसद पद फुकुवा गर्न माग गरेका छन्। प्रतिनिधिसभाको शून्य समयमा बोल्दै रास्वपाका सांसदहरूले उहाँको सांसद पद फुकुवा गर्न माग गरेका हुन्।

रास्वपा सांसद डोलप्रसाद अर्यालले सभापति लामिछानेमाथि राजनीतिक प्रतिशोध साँधेर झुट्टा मुद्दा लगाएर फसाउन खोजिएको आरोप लगाउनुभयो। उहाँले भन्नुभयो, "थुनामा नरहेको बेला लामिछानेको सांसद पद तुरुन्त फुकुवा गर्न सभामुखमार्फत आग्रह गर्दछु।"

रास्वपाकै सांसद बिनिता कठायतले सभापति लामिछानेलाई हिरासतमा राख्दैमा सहकारी पीडितको रकम फिर्ता भयो त? भन्दै प्रतिप्रश्न गर्नुभयो। सहकारी पीडितको समस्या समाधानमा बेवास्ता गरेको भन्दै उहाँले आपत्ति जनाउनुभयो।

शून्य समयमा सांसदहरूले आ(आफ्नो क्षेत्रमा देखिएका समस्या उजागर गर्नुभएको थियो। सो क्रममा सांसद ठाकुरप्रसाद गैरेले बुटवल(पाल्पा सडकको बाँकी काम समयमै सम्पन्न हुने गरी काम गर्न सुझाव दिनुभयो।

सांसद तारा लामा तामाङले उखु किसानले समयमै भुक्तानी पाउनुपर्ने माग गर्नुभयो। कञ्चनपुरमा हात्ती आतङ्कका कारण कृषिमा क्षति पुगेको भन्दै उहाँले किसानलाई उचित क्षतिपूर्तिको माग गर्नुभयो।

सांसद डा तोसिमा कार्कीले ललितपुरका नागरिकले टिपर आतङ्कका कारण दुःख पाइरहेको गुनासो गर्नुभयो। नख्खु-भैँसीपाटी सडकमा ट्याक्टर आतङ्कले दुर्घटना बढेकाले बस्ती भएको क्षेत्रमा ट्याक्टर चलाउन निषेध गर्नुपर्ने बताउनुभयो।

सांसद दामोदर पौडेल बैरागीले द्रुतगतिमा जनतालाई सेवा दिनेगरी विधेयक बनेको भन्दै पोखरा अन्तरराष्ट्रिय सम्मेलन केन्द्र र पोखरामा मुटु उपचार केन्द्रको आवश्यकता रहेको बताउनुभयो।

सांसद दुर्गा राईले पाथीभरामा केबलकार निर्माणको विषयमा ताप्लेजुङ अशान्त रहेकाले सहमति नलीइकन काम गर्न खोजेको आपत्ति जनाउनुभयो।

सांसद देवेन्द्र पौडेलले बाग्लुङको ढोरपाटनमा जिल्लास्तरीय अस्पताल बनाउने निर्णय भए पनि आवश्यक चिकित्सक र स्वास्थ्य सेवा उपलब्ध गराउन अनुरोध गर्नुभयो।

सांसद धनराज गुरुङले बुटवल सिद्धार्थ राजमार्गको स्तरोन्नतिलाई द्रुत गतिमा अगाडि बढाउन माग गर्नुभयो।

सांसदहरू ध्रुवबहादुर प्रधान, नारायणप्रकाश साउद, नारायणप्रसाद आचार्य, दीपा शर्मा, नारायणी शर्मा, निर्मला कोइराला, निशा डाँगी, नैनकला थापा, पुष्पबहादुर शाह, पूर्णबहादुर घर्तिमगर, प्रकाश ज्वाला, प्रतिमा गौतम, प्रभु हजारा, प्रेमबहादुर आले, प्रेमबहादुर महर्जन, वासुदेव घिमिरे र विन्दवासिनी कङ्सकारले शून्य समयमा विभिन्न विषयमा आफ्नो धारणा राखेका थिए।

### विद्युतीय...

सेवाको सहज आपूर्ति, निर्यात प्रवर्द्धनलगायतका क्षेत्रमा विद्युतीय व्यापार अति आवश्यक भइसकेकाले यसलाई नियमन तथा अनुगमनका लागि तत्काल कानुन बन्न आवश्यक रहेको उल्लेख छ।

सूचना प्रविधिको माध्यमबाट हुने वस्तु वा सेवाको व्यापारिक कारोबारलाई नियमन गरी व्यवस्थित र विश्वसनीय बनाउन विधेयकमा विभिन्न व्यवस्था गरिएको छ।

कानुनबमोजिम दर्ता भई वस्तु वा सेवाको व्यापार गर्न अनुमति प्राप्त गरेको कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले यस ऐनको अधीनमा रही विद्युतीय व्यापार गर्न सक्नेछन्।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेबसाइट :** *rajbirajdainik.com.np*